# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**बर्दघाट, नवलपरासी (ब.सु.प)**
**लुम्बिनी प्रदेश, नेपाल**

**प.सं: ०८२/०८३**
**च.नं: २४५६**

**मिति: २०८२/१२/१५**

विषय: योजना कार्यान्वयन सम्बन्धमा ।

श्री वडा अध्यक्षज्यूहरु (सबै)
श्री शाखा प्रमुखहरु (सबै)
श्री वडा कार्यालयहरु (सबै)
श्री सरोकारवाला संघ/संस्था (सबै)
श्री उपभोक्ता समितिहरु (सबै)
बर्दघाट नगरपालिका

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उपभोक्ता मार्फत संचालन हुने सम्झौता भएका आयोजनाहरुको समयमा नै कार्य सम्पन्न गरी भुक्तानी लिनु हुन अन्यथा म्याद थप हुने कानूनी व्यवस्था नरहेको तथा सम्झौता हुन बाँकी रहेका योजनाहरु **मिति २०८२ साल चैत्र ३० गतेसम्म** अनिवार्य रुपमा सम्झौता गरी **मिति २०८३ साल असार ०५ गतेसम्म** भुक्तानी फरफारक गरिसक्नु पर्ने कार्यक्रम रहेकोले तोकिएको समयभन्दा ढीलो गरी योजना संचालन गर्दा आर्थिक वर्षको अन्त्यमा योजनाहरु थुप्रिने, काममा गुणस्तर कायम नहुने, वर्षायामको काम प्रभावकारी नहुने भई कामको मूल्याङ्कन तथा भुक्तानी फरफारकमा असहज हुने भएकोले तोकिएको समयमानै सम्झौता गरी भुक्तानी फरफारक गर्नु/गराउनु हुन अनुरोध गर्दछु ।

.....................
(बाबुराम पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ

- श्री आर्थिक प्रशासन शाखा ।
- श्री योजना शाखा र प्राविधिक शाखा: तोकिएको समय पश्चात लागत अनुमान, योजना सम्झौता तथा कामको मूल्याङ्कन नहुने भएकोले उपभोक्ता समितिका अध्यक्षहरुलाई जानकारी गराउनु हुन ।
- श्री सूचना तथा प्रविधि शाखा- वेभसाइडमा अपलोड गरी सरोकारवाला सबैलाइ जानकारी गराउने ।

सादर अवगतार्थ

- श्रीमान् नगर प्रमुखज्यू
- श्रीमान् नगर उपप्रमुखज्यू

कार्यालय फो नं.: +९७७ ०७८ ५८०२१०, ५८०४०७, दमकल: १०१, +९७७७८ ५२०८७४
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com,वेबसाईट: www.bardaghatmun.gov.np